चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

## सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक (बैठक संख्या-९६)

### मितिः- २०७८/११/१३

**बैठकका प्रस्तावहरु**

१. गत बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा ।
२. पाङ्गवाङ्ग सामुदायिक स्वास्थ्य ईकाईको जग्गा प्राप्ति सम्बन्धमा ।
३. सडक योजनाहरुको पुनः ठेक्का खोल्ने सम्बन्धमा ।
४. संघिय सरकारको विशेष अनुदानको कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
५. औद्योगिक ग्राम घोषणा प्रकृयाको लागी प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
६. कर्मचारी समायोजन तह मिलान/स्तर बृद्धि सम्बन्धमा ।
७. आवधिक योजना निर्माण सम्बन्धमा ।
८. भिडियो डकुमेन्ट्रि वनाउने सम्बन्धमा ।
९. शिक्षा क्षेत्रको वजेट व्यवस्थापन सम्बन्धमा ।
१०. स्थायी पदपुर्तिको लागी माग गर्ने सम्बन्धमा
११. आर्थिक सहायता सम्बन्धमा ।
१२. विभिन्न प्रस्तावहरु सम्बन्धमा ।

- वडा न. ३ को सहजकर्ता अनुमोदन सम्बन्धमा ।
- रेडियो कार्यक्रम सम्बन्धमा ।
- गा.पा.भवन फिल्ड तथा कम्पाउन्ड निर्माण
- मोटरबाटो मर्मत/स्तरोन्नती सम्बन्धमा ।
- मगर दिवश सम्बन्धमा
- ढुंगा गिट्टि वालुवा निकासी बन्द गर्ने सम्बन्धमा ।
- सार्वजनिक सुनुवाई सम्बन्धमा ।
- विधुत मिटर जडान सम्बन्धमा ।
- विधुत विस्तार सम्वन्धमा ।
- स्वास्थ्य शिविर संचालन सम्बन्धमा ।
- औषधि खरिद सम्बन्धमा ।
- पकेट निरन्तरता सम्बन्धमा।
- दर्भान खोला नियन्त्रण सम्बन्धमा ।
- साझेदारी कार्यक्रम सम्बन्धमा ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर
गा.पा. अध्यक्ष

<u>सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति:- २०७८/११/१३ का निर्णयहरु</u>

**निर्णय न. १) गत बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा ।**

यस गाउँकार्यपालिकाको मिति २०७८/१०/२४ गते भएको कार्यपालिकाको निर्णयहरु कार्यान्वयनको विषयमा समिक्षा गरियो । जस अनुसार अधिकांस निर्णयहरु कार्यालयबाट कार्यान्वयन भएको, केही निर्णयहरु वडा कार्यालयबाट कार्यान्वयनको चरणमा रहेको जानकारी भयो ।

**निर्णय न. २) पाङ्गवाङ्ग सामुदायिक स्वास्थ्य ईकाईको जग्गा प्रासि सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका वडा न. ६ को मिति २०७८/११/०८ को पत्र अनुसार सो वडाको पाङ्गवाङ्ग वस्तिमा जनताको माग अनुसार सो स्थानमा सामुदायिक स्वास्थ्य ईकाई स्थापना गर्ने, सो स्वास्थ्य ईकाईको लागी आवश्यक पर्ने जग्गा निशुल्क रुपमा तपशिल बमोजिमका व्यक्तिहरुबाट दान गर्ने जग्गाहरुलाई ग्रहण गर्ने र सो जग्गा प्रासि गर्नको लागी नियमानुसार प्रकृया अगाडी वढाउन सम्वन्धित निकायहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

| सि.न. | जग्गादाताहरुको नाम थर | ठेगना | जग्गाको कित्ता नम्बर | स्वास्थ्य ईकाईलाई उपलब्ध गराउने क्षेत्रफल रोपनी | कैफियत |
|---|---|---|---|---|---|
| १ | धनिराम पुन मगर | साविक तिराम-८ हाल सरुमारानी-६ | ४८३ | २-०-०-० | |
| २ | शिवलाल पुनमगर | साविक तिराम-८ हाल सरुमारानी-६ | २१८ | १-०-०-० | |
| ३ | दुर्गादेवी पुन मगर | साविक तिराम-८ हाल सरुमारानी-६ | २१९ | १-०-०-० | |
| | | जम्मा | | ४-०-०-० | |

**निर्णय न. ३) सडक योजनाहरुको पुन: ठेक्का खोल्ने सम्बन्धमा ।**

यस गाउँपालिकाको चालु आ.ब.को संघिय समपुरक र प्रदेश समपुरक योजना अन्तरगत तपशिलका योजनाहरुको ठेक्का प्रकृयाबाट बचत हुन गएको रकमबाट थप काम गर्ने गरी सोही बाटोमा पुन: ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

<u>तपशिल</u>

१. ऐरावति बङ्गाडा पुठाखोला दाङ्ग सडक स्तरउन्नोति योजना
२. वङ्गाडा बजारक्षेत्र सडक कालोपत्रे योजना

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर
गा.पा. अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भुग बहादुर
गा.पा. अध्यक्ष

**निर्णय न. ४) संघिय सरकारको विशेष अनुदानको कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

संघिय विशेष अनुदान कार्यक्रम कार्यान्वयनका लागी निम्नानुर निर्णय गरियो ।

क) आधारभुत तथा एडभान्स तालिम प्रशिक्षक तपशिल बमोजिम छनौट गरी वडाको समन्वय र सहयोगमा वडा स्तरमा नै दुवै सिपमुलक तालिम संचालन गर्ने ।

तपशिल

प्रशिक्षकको विवरण

| सि.न. | प्रशिक्षकको नाम | ठेगना | आधारभुत तालिम | एडभान्स तालिम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पम्फा देवीकामी | वडा न. १ | चन्द्रमा दर्लामी- वडा न. १ | कृष्णा घर्ती- वडा न.१ | |
| २ | कृष्णा घर्ती | वडा न. १ | | | |
| ३ | कुमारी सुनार | वडा न. २ | कुमारी सुनार- वडा न. २ | पम्फा देवी कामी- वडा न. २ | |
| ४ | चन्द्रमा दर्लामी | वडा न. २ | | | |
| ५ | कृष्णा गुरुङ्ग | वडा न. २ | कृष्णा गुरुङ्ग | | मेडपा कार्यक्रम |
| ६ | शुक्र बहादुर दमै | वडा न. ३ | शुक्र बहादुर दमै- वडा न.३ | शुक्र बहादुर दमै- वडा न. ३ | |
| ७ | भेषबहादुर रानामगर | वडा न. ४ | भेषबहादुर राना मगर-४ | भेषबहादुर राना मगर- ४ र ५ | |
| ८ | निर्मला पल्लि मगर | वडा न. ५ | निर्मला पल्लिमगर- ५ | | |
| ९ | शान्ता बराल मगर | वडा न. ५ | शान्ताबराल मगर | | मेडपा कार्यक्रम |
| १० | बिमला बुढमगर | वडा न. ६ | बिमला बुढमगर- वडा न. ६ | बिमला बुढमगर- वडा न. ६ | ३ जना मिलेर गर्ने |
| ११ | बेली पुन मगर | वडा न. ६ | बेली पुन मगर- वडा न. ६ | बेली पुन मगर- वडा न. ६ | |
| १२ | करिष्मा बुढामगर | वडा न. ६ | करिष्मा बुढामगर- वडा न.६ | करिष्मा बुढामगर- वडा न.६ | |

साथै माथि उल्लेखित प्रशिक्षकले नभ्याउने भएमा तथा प्रशिक्षक अपुग भएको अवस्थामा आवश्यक कागजात माग गरि कार्यालयले नै नियुक्ति दिई तालिम संचालन प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भुग बहादुर
गा.पा. अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर
गा.पा. अध्यक्ष

ख) बाल विकास कक्षा कोठा ब्यबस्थापन ।

यस गाउँपालिकाको संघिय विशेष अनुदान शिर्षक अन्तरगत प्रा.वि. र वालविकास केन्द्रहरुमा कक्षा कोठा ब्यबस्थापन सहयोग शिर्षकबाट विद्यालयहरुको माग र आवश्यकताको आधारमा पि-फर्म र जुट कार्पेट खरिद गरि विद्यालयहरुलाई हस्तान्तरण गर्ने ।

ग) अनाथ बालबालिका छनौट ।

यस गाउँपालिकाको संघिय विशेष अनुदान शिर्षक अन्तरगत असहाय/ब्यसहारा, अनाथ/टुहुरा, सडक बालबालिकाहरुका लागी खाना, खाजा, कपि, कलम र पोशाकको ब्यवस्था गर्ने कार्यक्रम कार्यान्वयनको लागी गाउँपालिकाको विपन्न असहाय सहायता कार्यक्रममा समावेश भएका ६५ जना मध्ये विद्यालय भर्ना भएका वालबालिका र विद्यालय उमेर समुहका विद्यालय भर्ना भएका र विपन्न असहाय सहायता कार्यक्रममा समावेश नभएका समेतलाई वडाको सिफारिसको आधारमा छनौट गरी सामाग्रि उपलब्ध गराउने ।

**निर्णय न. ५) औद्योगिक ग्राम घोषणा प्रकृयाको लागी प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिका वडा न. २ स्थित रानीवास क्षेत्रको औद्योगिक ग्राम निर्माणको लागी विस्तृत परियोजना प्रतिवेदन तयार भई उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालयमा पेश भएको भनी घरेलु तथा साना उद्योग कार्यालय, प्यूठानको मिति २०७८/११/०४ च.न. ६८१ को पत्र अनुसार औद्योगिक ग्राम घोषणा तथा संचालन सम्बन्धि कार्यविधि २०७५ को बुदाँ न. ९ र अनुसूची-१ को विवरण सहित सरुमारानी गाउँपालिका वडा न. २ स्थित रानीवास क्षेत्रलाई औद्योगिक ग्राम घोषणा गर्न प्रदेश मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय न. ६) कर्मचारी समायोजन तह मिलान/स्तर बृद्धि सम्बन्धमा ।**

सरुमारानी गाउँकार्यपालिकाको मिति २०७८/१०/२४ गतेको कार्यपालिकाको निर्णय अनुसार, सरुमारानी गाउँपालिकाको दशौ गाउँसभाबाट स्वीकृत स्थानीय तहका कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७८ को दफा ४(क) बमोजिम साविकको स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समिति) मा स्थायी नियुक्त भई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा बढुवा/स्तर बृद्धि नभई समायोजन भएका, यो ऐन जारी हुँदाको वखत सम्म सरुमारानी गाउँपालिकामा कार्यरत रहेका स्थानीय सेवाका स्थायी कर्मचारीहरुको समायोजन तह मिलान/स्तरबृद्धिको लागी १५ दिने सूचना प्रकाशन गरिएकोमा यस कार्यालयमा कार्यरत रही समायोजन तह मिलान/स्तर बृद्धिको लागी यस कार्यालयमा निवेदन पेश गरेका कर्मचारीहरुको प्रमाणहरुको अध्ययन गर्दा सरुमारानी गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७८ को दफा (३) अनुसारका शैक्षिक योग्यता, सेवाअवधि, स्थायी नियुक्ति, र अन्य

चिन्तामणि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर
गा.पा. अध्यक्ष

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

पेश भएका प्रमाणहरुका आधारमा निज कर्मचारीहरुको तपशिल बमोजिम हुने गरी समायोजन तह मिलान/स्तर वृद्धि गर्ने निर्णय गरियो ।

तपशिल

| सि. न. | कर्मचारीहरुको नाम | हालको पद/तह | सेवा समूह/उपसमूह | समायोजन तह मिलान/स्तर वृद्धि पछि कायम हुने पद | सेवा समूह/उपसमूह |
|---|---|---|---|---|---|
| १ | लक्ष्मण आचार्य | अधिकृत/अधिकृत स्तर छैठौ तह | प्रशासन/ सामान्य प्र. | अधिकृत/अधिकृत स्तर सातौ तह | प्रशासन/ सामान्य प्रशासन |
| २ | यम बहादुर रायमाझि | सहायक/सहायक स्तर चौथो तह | प्रशासन/ लेखा | सहायक/सहायक स्तर पाचौ तह | प्रशासन/सा.प्र. |
| ३ | लोक बहादुर राना | सहायक/सहायक स्तर चौथो तह | ईन्जिनियरिङ्ग/ सिभिल | सहायक/सहायक पाचौ तह | ईन्जिनियरिङ्ग/सिभिल |

साथै यसरी समायोजन तह मिलान/स्तर वृद्धि भएका कर्मचारीहरुको तलबमान/ग्रेड सरुमारानी गाउँपालिकाको स्थानीय तहका कर्मचारी व्यवस्थापन गर्न बनेको ऐन, २०७८ को दफा (६) बमोजिम निम्नानुसार कायम गर्ने र बाकी सुविधा प्रचलित कानुन बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

निम्न

| सि.न | कर्मचारीहरुको नाम | हाल खाईपाई आएको तलबमान मासिक रु. | ग्रेड संख्या/रकम प्रति महिना | नयाँ तलबमान मासिक रु. | नयाँ ग्रेडमान: ग्रेड संख्या/रकम प्रति महिना |
|---|---|---|---|---|---|
| १ | लक्ष्मण आचार्य | ३७९९०/- | ८/१०१३६ | ३९८७० | ६/७९७४ |
| २ | यम बहादुर रायमाझि | २८६१०/- | ६/५७२४ | ३०२०० | ४/४०२८ |
| ३ | लोक बहादुर राना | २८६१०/- | ६/५७५४ | ३०२०० | ४/४०२८ |

## निर्णय न.७) आवधिक योजना निर्माण सम्बन्धमा ।

यस आर्थिक बर्षमा सरुमारानी गाउँपालिकाको आवधिक योजना बनाउने लक्ष्य लिएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा अनुगमन शाखा)को मिति २०७८/९/२६ पत्र अनुसार आवधिक योजना निर्माण कार्यलाई तिब्रगतिमा कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

## निर्णय न.८) भिडियो डकुमेन्ट्रि बनाउने सम्बन्धमा ।

यस सरुमारानी गाउँपालिकाको बिकास निर्माण लगाएत विभिन्न पक्ष झल्कने भिडियो डकुमेन्ट्रि बनाउने र सोको लागी आवश्यक बजेट भुमि समस्या समाधान आयोग शिर्षकमा विनियोजित बजेट शिर्षकबाट रु.५,००,०००/- खर्च गर्ने निर्णय गरियो ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
गा.पा. अध्यक्ष

**निर्णय न. ९) शिक्षा क्षेत्रको बजेट व्यवस्थापन सम्बन्धमा ।**

आ.व. २०७८/०७९ को शिक्षा, युवा तथा खेलकुद शाखा अन्तर्गत विनियोजन गरिएको गाउँपालिका अनुदान शिक्षक पारिश्रमिक अनुदान शिर्षकमा बचत हुने रु ९,००,०००/- र बालबालिका केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारी र कार्यालय सहयोगी थप पारिश्रमिक शिर्षकबाट बचत हुने रकम रु. ८,००,०००/- गरी जम्मा रु. १७,००,०००/-निम्न शीर्षकमा खर्च गर्ने निर्णय गरियो

तपशिल

| क्र.सं. | प्रस्तावित कार्यक्रम | इकाई | बजेट | |
|---|---|---|---|---|
| १ | विद्यालयलाई डेस्क बेन्च सहयोग | १२० सेट | ४८०००० | |
| २ | महिला शिक्षक सुत्केरी विदामा बसेको बेला वैकल्पिक शिक्षक अनुदान | | ३२०००० | |
| ३ | स्थानीय पाठ्यपुस्तक लेखन तथा प्रकाशन | कक्षा १-५ सम्म | ३००००० | |
| ४ | विद्यालयहरूमा कक्षाकोठा व्यवस्थापन | | ५००००० | |
| ५ | मृगौला रोगबाट बचौं बचाऔं कार्यक्रम संचालन | | १००००० | |
| | जम्मा | | १७,००,००० | |

**निर्णय न. १०) स्थायी पदपुर्तिको लागी माग गर्ने सम्बन्धमा ।**

मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको मिति २०७८/९/२६ च.न. ११०४ को कर्मचारी पदपुर्ति सम्बन्धि पत्र अनुसार स्थायी पदपुर्ती भए पछि यस कार्यालयले स्थायी नियुक्ति दिने र सेवा, शर्त तथा सुविधा पछि बन्ने स्थानीय सेवाकाका कर्मचारी सम्बन्धी कानुन बमोजिम हुने गरी यस गाउँपालिका अन्तरगत तपशिलका दरबन्दीहरुमा स्थायी पदपुर्तीका लागी अनुरोध गर्ने निर्णय गरियो

तपशिल

| सि.न | पद | तह/श्रेणी | समूह/सेवा | माग संख्या |
|---|---|---|---|---|
| १ | लेखापाल | सहायक स्तर पाचौ | लेखा | १ |
| २ | प्राविधिक सहायक ( शिक्षा) | सहायक स्तर पाचौ | शिक्षाा प्रशासन | १ |
| ३ | स.महिला विकास निरीक्षक | सहायक स्तर चौथो | विविध | १ |
| ४ | सहायक | सहायक स्तर चौथो | प्रशासन सा.प्र. | १ |
| ५ | अधिकृत | अधिकृत छैठौं | कृषि सेवा | १ |
| ६ | सहायक | सहायक स्तर पाचौ | कृषि सेवा | २ |

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर
गा.पा. अध्यक्ष

**निर्णय न. ११) आर्थिक सहायता सम्बन्धमा ।**

क) यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न व्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने/अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिलः

| सि.न | विरामी व्यक्तिको नाम /अभिभावकको नाम | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ईश्वर बहादुर घामी | वडा न. १ | ५००० | विपन्न असाहय सहायता कार्यक्रम |
| २ | भिम बहादुर मगर | वडा न.३ | १०००० | विपद व्यवस्थापन कोष |

ख) राष्ट्रिय अपाङ्ग संघ प्यूठानको मिति २०७८/१०/२५ को पत्र अनुसार असाहय/अपाङ्गता भएका बालवालिकाको आवासगृह संचालन तथा व्यवस्थापनको लागी आर्थिक सहयोग माग गरेकोले उक्त संस्थालाई चालु शिर्षकको अन्य संस्था अनुदान शिर्षकबाट रु.१५,०००/- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

ग) नेपाल मार्शल आर्टश हाप्किडो संघ जिल्ला समिति प्यूठानको मिति २०७८/१०/२६ को पत्र अनुसार लुम्विनी प्रदेश स्तरीय हाप्किडो प्रशिक्षक तथा रेफ्रि सेमिनार लागी आर्थिक सहयोग माग गरेकोले उक्त संस्थालाई चालु शिर्षकको अन्य संस्था अनुदान शिर्षकबाट रु.१५,०००/- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

घ) सरुमारानी गाउपालिका वडा न. ३ स्थित दोमही गाहा पधेरा खोल्सी नियन्त्रणको लागी विपद व्यवस्थापन कोषबाट रु. ५०,०००/- उपलब्ध गराउने ।

**निर्णय न. १२) विभिन्न प्रस्तावहरु सम्बन्धमा ।**

- <u>वडा न. ३ को सहजकर्ता अनुमोदन सम्बन्धमा ।</u>

  चालु आ.ब. २०७८/०७९ को लागी संघीय सरकारको बिशेष अनुदान शिर्षकको लागी विभेद तथा बञ्चितिकरणमा परेका समुदाय उत्थान कार्यक्रम अन्तर्गत प्रज्वलक/सहजकर्ता परिचालन कार्यक्रमबाट विशेषतः सरसफाई अभियान समेतका संघीय सरकारको बिशेष अनुदान कार्यक्रममा उल्लेखित क्रियाकलापहरु संचालनमा सहयोग पुर्याउन प्रत्येक वडाबाट १/१ जनाका सहजकर्ता/स्वयंसेवक छनौट गरी बढिमा ३ महिनाको लागी मासिक रु २०,०००/- का दरले निर्वाह खर्च उपलब्ध गराउने गरी स्वीकृत भएको कार्यक्रममा ३ न. वडा समितिबाट सिफारिस भई आएको निम्न सहजकर्तालाई करार संझौता गरी कामकाजमा खटाउने निर्णय गरियो ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर
गा.पा. अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

तशसिल

| सि.न. | सहजकर्ताको नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सुनिता राना | वडा न. ३. हंशपुर | कक्षा १२ उत्तिर्ण |

- **रेडियो कार्यक्रम सम्बन्धमा ।**

रेडियो माण्डवी मल्लरानी गाउँपालिका-४ खलंगाले सरुमारानी गतिविधि संचालनको लागीपेश गरेको प्रस्ताव स्वीकृत गरी रु ५०,०००/- साझेदारी कार्यक्रम शिर्षकबाट र झुलेनी युनाईटेड नेटवर्क प्रा.लि.लाई स्थानीय सरकार र विकासको सवाल कार्यक्रम संचालनको लागी पेश गरेको प्रस्ताव स्वीकृत गरी रु १०००००/- बजेट सार्वजनिक सुनुवाई शिर्षकबाट खर्च हुने गरी वजेट व्यबस्था गर्ने ।

- **गाउँपालिकाको भवन फिल्ड तथा कम्पाउन्ड निर्माण सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको प्रशासनीक भवन वरिपरीको जग्गा सम्माउने र फिल्ड तथा कम्पाउन्ड निर्माणको लागी ढुंगेगढि स्वास्थ्य चौकी भवन निर्माण योजनामा खर्च भई बचत रहेको रकम रु.५,१४,१८१/-बाट बजेट ब्यबस्था गर्ने ।

- **मोटरबाटो मर्मत/स्तरोन्नती सम्बन्धमा ।**

क) यस गाउँपालिका वडा न. ४ को छतिवन दमार मोटरबाटो मर्मतको लागी मर्मत संभार शिर्षकबाट रु.१,००,०००/-बजेट विनियोजन गर्ने ।

ख) यस गाउँपालिकाको चालु आ.ब. २०७८/०७९ को स्वीकृत कार्यक्रम अन्तर्गत वडा न. ५ को जस्पुर छविसे करमबास मो.बा. स्तरोन्नति योजनामा खर्च भई वचत रहेको रकम रु ६२,६२६/- बाट छविसे वेशिगाउँ मो.बा. स्तरोन्नति गर्ने ।

- **मगर दिवश सम्बन्धमा**

२०७८ फागुन १५ गते आईतबारका दिन मगर दिवशको अवसरमा एक दिन स्थानीय विदा स्वरुप सार्वजनिक विदा गर्ने ।

- **ढुंगा गिट्टि वालुवा निकासी बन्द गर्ने सम्बन्धमा ।**

२०७८ फागुन १५ गते आईतबारका दिन मगर दिवशको अवसरमा एक दिन स्थानीय विदा भएकोले उक्त दिन यस गाउँपालिकाको रासि नदिका विभिन्न घाटहरुबाट ढुंगा गिट्टि वालुवा निकासी बन्द गर्ने ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

सार्वजनिक सुनुवाई सम्बन्धमा ।

यस गाउँपालिकाको दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम २०७८ चैत्र महिनाको पहिलो हप्ता भित्र सम्पन्न गर्ने, सो कार्यक्रमको लागी रु. ५०,०००/- बजेट स्वीकृत गरी कार्यक्रम संचालनको लागी युथ मिडिया डेभलोपमेन्ट सेन्टर मल्लरानी-४ खलंगा प्यूठान संस्थालाई जिम्मेवारी दिने ।

- **विधुत मिटर जडान सम्बन्धमा ।**

विद्युत तथा उर्जा विस्तार तथा मर्मत कार्यक्रमबाट विधुतीकरणबाट बन्चित विपन्न परिवारलाई निशुल्क विधुत मिटर, तार तथा अन्य विद्युतिय सामाग्रीहरु उपलब्ध गराउनको लागी संकलन भएका घरधुरिहरु मध्ये वडा न. १ मा १६ घरधुरी, वडा न. २ मा १६ घरधुरी, वडा न. ३ मा २० घरधुरी, वडा न. ४ मा १६ घरधुरी, वडा न. ५ मा २५ घरधुरी र वडा न. ६ मा ४ घरधुरीहरुलाई वडाको प्राथमिकताको आधारमा विवरण गर्ने ।

- **विधुत विस्तार सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाको वडा न. ३ स्थित जावुने वस्तिमा हाल सम्म पनि विधुत विस्तार नहुदा त्यहाँका जनताहरु अध्यारोमा बस्नु परेकोले बुटवल पावर कम्पनिलाई विधुत विस्तार को लागी पत्रचार गर्ने ।

- **स्वास्थ्य शिविर संचालन सम्बन्धमा ।**

नेपालगंज मेडीकल कलेजको प्राविधिक सहयोग र यस गाउँपालिकाको आर्थिक सहयोग र समन्वयमा यस सरुमारानी गाउपालिकामा स्वास्थ्य शिविर संचालनको लागी नेपालगंज मेडीकल कलेज, टिचिङ्ग अस्पताल कोहलपुरलाई अनुरोध गर्ने र सो कार्यक्रम संचालनको लागी आवश्यक पर्ने औषधि खरिदको लागी रु. १,००,०००/- र कार्यक्रममा खटिने डाक्टर सहितको टिमको खाना नास्ता आवास लगाएत अन्य ब्यवस्थापकीय खर्चको लागी रु. १०००००/- बजेट यस गाउँपालिकाको चालु आ.ब. मा स्वास्थ्य तर्फ स्वस्थ्य जिवनशैली योगसाधना तथा आयुर्वेद सेवा र औषधि खरिद कार्यक्रम शिर्षकबाट खर्च गर्ने ।

- **औषधि खरिद सम्वन्धमा ।**

यस गाउँपालिकाको स्वास्थ्य संस्थाहरुमा सुत्केरीहरुको लागी आयुर्वेदिक औषधिहरु खरिद गर्नको लागी स्थानीय तह प्रकोप ब्यवस्थापन कोषबाट रु. १,००,०००/- खर्च गर्ने ।

- **पकेट निरन्तरता सम्बन्धमा।**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरगत आ.ब २०७७/०७८ मा संचालन भएको साना ब्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) निरन्तरता कार्यक्रम अन्तर्गत माण्डवी मौरीपालन कृषक समूह सरमारानी-३/४, श्री दर्भानखोला धानपकेट क्षेत्र सरुमारानी-२ र

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

Scanned with CamScanner

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर
गा.पा. अध्यक्ष

बाखाको साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) निरन्तरता अन्तरगत श्री सिद्दलेखपाखापालन पकेट समिति सरुमारानी-२/५ लाई निरन्तरता दिई कार्यक्रम संचालनको लागी स्वीकृत दिने ।

- **दर्भान खोला नियन्त्रण सम्बन्धमा ।**
  सरुमारानी गाउँपालिका अन्तर्गत वडा न. २ दर्भान फाँटको खेतियोग्य जमिन (उर्वरा खेत) दर्भान खोलाले बर्षातको समयमा बर्षेनी क्षति पुर्याईरहेको र उक्त दर्भान खोला नियन्त्रण नगरी कृषकहरुको खेतीयोग्य भुमि जोगाउन नसकिने देखिएकोले विषद ब्यबस्थापन कोषबाट रु. १५००००/- विनियोजन गर्ने ।

- **साझेदारी कार्यक्रम सम्बन्धमा ।**
  यस कार्यालयमा विभिन्न संस्था/फर्महरुले पेश गरेको कृषि तथा पशुपालन पुर्वाधार विकासका लागि साझेदारी प्रस्तावहरुलाई चालु आ.ब.को साझेदारी कार्यक्रम शिर्षकबाट निम्न योजना/कार्यक्रम छनौट गर्ने ।

| सि.न. | साझेदारी योजनाहरु | बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | के.सी. पोल्टीफर्म एण्ड सप्लायर्सको पुर्वाधार निर्माण | ३०००००/- | |
| २ | पंथिटोल लिफ्ट सिचाई कृषक समूह पुर्वाधार निर्माण | २०००००/- | |

उपरोक्त निर्णयहरु सर्वसम्मतिमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो ।

प्रमाणिकरण मिति २०७८/११/१६

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

भग बहादुर
गा.पा. अध्यक्ष

Scanned with CamScanner